# सिस्ने गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ८** **संख्याः २४** **गाउँकार्यपालिकाबाट पारित मितिः २०८१।०९।२८**

## भाग-२

## गाँउपालिका स्तरीय उत्कृष्ट कृषक पूरस्कार कार्यक्रम संचालन कार्यविधि, २०८१

**प्रस्तावनाः** पशुपालन क्षेत्रलाई उत्पादन, आम्दानी र रोजगारिको माध्यामबाट आकर्षक क्षेत्रको रुपमा विकाश गर्न शिक्षित युवाहरुलाई पशुपालन पेशामा आकर्षित गरि गाउँपालिका भित्रै स्वरोजगार सिर्जना र ब्यावसायिक तथा अर्ध-व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहन गरि पशुपालन पेशालाइ सम्मानित र व्यवसायिक बनाउन लुम्बिनी प्रदेश सिस्ने गाउँपालिका गाउँ कार्यपालिकाको कार्यलय, पशुपन्छी विकाश शाखाको आर्थिक बर्ष २०८१/२०८२ को स्विकृत कार्यक्रममा उल्लेखित उत्कृष्ट कृषक, कृषक समुह, फार्मलाइ पुरस्कार कार्यक्रम कार्यन्वयन गर्न आवश्यक भएकोले गाउँपालिका स्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि, २०८१ तयार गरेको छ ।

**परिच्छेद-१**
**(प्रारम्भिक)**

गाउँपालिकास्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि २०८१

१. सम्क्षिप्त नाम र प्रारम्भ: (क) यस कार्यबिधिको नाम गाउँपालिकास्तरिय कृषक पुरस्कार कार्यक्रम संचालन कार्यबिधि, २०८१ रहेको छ ।

ख) यो कार्यबिधि स्थानिय राजपत्रमा प्रकाशन भयको मिति देखि लागु हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा ।

क) गाउँपालिका भन्नाले सिस्ने गाउँपालिकालाई सम्झनु पर्छ ।

ख) **"कृषक"** भन्नाले पशुपालन पेशामा आबद्द भई व्यवसायिक रुपमा गाइभैंसी, भेडाबाख्रा, कुखुरा, बंगुर लगाएतका कृषि पशुपालन व्यवसायिक गर्ने कृषक, ऊधमी र निजि फर्म समेतलाई समेत सम्झनुपर्नेछ ।

ग) **"फार्म"** भन्नाले पशुपालन पेशामा आबद्द भई व्यवसायिक गाइभैंसी, भेडाबाख्रा, कुखुरा, बंगुर, मत्स्य लगायत पशुपालन गरी आधिकारिक निकायमा दर्ता भएकोलाई सम्झनु पर्छ ।

घ) **"कृषक समुह"** भन्नाले १५ देखी २५ जना कृषकहरु मिलेर आधीकारिक निकायमा दर्ता भएको समुहलाई सम्झनु पर्छ ।

ङ) **"गाउँपालिकास्तरिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम"** भन्नाले कृषक, कृषक समुह, फर्मलाइ प्रदान गरिने उत्कृष्ट पुरस्कार कार्यक्रम सम्झनु पर्छ ।

च) **"निबेदन"** भन्नाले उत्कृष्ट पुरस्कार प्राप्त गर्ने कृषक, कृषक समुह, फार्मलाई पेश गरेको आबेदन समेतलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## (कार्यक्रम संचालन प्रक्रिया)

**३) गाउँपालिका स्तरिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम:**

गाउँपालिका प्रमुख उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम देहाय अनुसार हुने छ ।

१) उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागि हुन १५ (पन्ध्र) दिनको नियमानुसार प्रकृया पुर्याइ अनुसुचि १ बमोजिम

ढाँचामा सुचना प्रकाशन गरि आबेदन आहवान गर्नु पर्ने छ । साथै प्रस्ताब सम्बन्धित सरोकारवाला सबैको जानकारिको लागि स्थानिय एफ.एम. बाट समेत प्रचार प्रसार गर्न सकिने छ ।

२) सहभागि हुन चाहने व्यवसायिक कृषक, कृषक समुह तथा निज फार्महरुले गाउँपालिकाले जारि गरेको सुचना बमोजिम अनुसुचि २ र अनुसुचि ३ अनुसारको ढाँचामा ऊत्पादन र उत्पादकत्व तथा रोजगारिमा दिएको योगदान स्पष्ट हुने गरि आबेदन पेश गर्नुपर्ने छ ।

३) गाउँपालिका स्तरिय उत्कृष्ट कृषक पुरस्कार पशुपन्छी विकाश शाखाको कार्यक्रम बाट ७(सात) जना कृषक, कृषक समुह, फार्म र सहकारिलाई पुरस्कार तथा सम्मान गरिने छ ।

४) यस आर्थीक बर्ष भन्दा कम्तिमा २ बर्ष अगाडि सम्म नेपाल सरकारको कुनै पनि निकायबाट पुरस्कार प्राप्त नगरेको कृषक,कृषक समुह र फार्महरुलाइ प्राथामिकता दिइने छ ।

४) निबेदनको मुल्याकंन तथा छनोटः

१) कृषकबाट पेश भएका निबेदन व्यवसायिक पशुपन्छी तथा मत्स्यपालनको संख्या, क्षेत्रफल र उत्पादनको आधार मानि अनुसुचि ४ र अनुसुचि ५

गाउँपालिकास्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि २०८१

(क),(ख) मा उल्लेखित मापदण्डको आधारमा मुल्याङ्कन गरि छनौटको लागि सिफारिस गर्ने कार्य देहायअनुसारको मुल्याङ्कन तथा छनोट समितिले गर्ने छ ।

क) कृषि तथा पशुपन्छी हेर्ने कार्यपालिका सदस्य — संयोजक
ख) प्रशासकिय अधिकृत — सदस्य
ग) आर्थिक प्रशासन प्रमुख — सदस्य
घ) गाउँपालिका योजना शाखा प्रमुख — सदस्य
ङ) पशुपन्छि विकाश शाखा प्रमुख — सदस्य सचिव

२) समितिले आबश्यकता अनुसार बैठकमा बढिमा — ३ जना विषय बिज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

३) समितिले आबश्यकता अनुसार आफ्नो काम कारबाहिलाई वस्तुपुरक बनाउन समितिका सदस्यहरु मध्यबाट एक जना संयोजक र बढीमा २ जना सदस्य रहेको उप- समिति गठन गरि मुल्याङकण प्रतिबेदन लिन सकिन छ । उप-समितिको वैठक बस्तु परेमा बढिमा दुइ वटा वैठकबाट कार्य सम्पादन गर्नुपर्ने छ ।

**५)निबेदन मुल्यांकन तथा छनौट समितिको काम, कर्तव्य र अधिकारः**

निबेदन मुल्यांकन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुने छ ।

१) स्थलगत अध्ययन, अबलोकन गरि प्राप्त निबेदन उपर प्राबिधिक र आर्थिक दृष्टिकोण विश्लेषण र मुल्यांकन गर्ने ।

२) आवश्यकता अनुसार उप समितिलाइ छनोट सम्बन्धि अधिकार बाहेक अन्य अधिकारहरु प्रत्यायोजित गर्न सक्ने छ ।प्रत्यायोजित अधिकार बमोजिम कार्य सम्पादन गरि समिति समक्ष आबश्यक राय तथा सिफारिस सहितको प्रतिबेदन पेश गर्नुपर्ने छ ।

३) समितिले समग्र विषयवस्तुको अध्ययन र विश्लेषन गरि उपयुक्त निबेदनहरुको योग्यताक्रम लिस्ट तयार गारि अन्तिम लिस्ट प्रकाशन गर्ने छ ।

**६)उत्कृष्ट कृषक, कृषक समुह, फर्म घोषणा एंव पुरस्कार बितरणः १)**

निबेदन मुल्याङकन तथा छनौट समितिको मुल्यांकन प्रतिबेदनको आधारमा गांउँपालिकाको उत्कृष्ट कृषक, कृषक समुह, फर्म घोषणा गर्नेछ र पुरस्कार एंव सम्मान कार्यक्रम आयोजना गरि नगद र प्रमाण-पत्र सहित सम्मान गरिनेछ ।

**७) पुरस्कार विधा तथा राशिः**

| क.स. | पुरस्कार किसिम/विधा | सङ्ख्या | प्रति पुरस्कार राशि रु. | कैफियत |
|---|---|---|---|---|

गाउँपालिकास्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालन कार्यविधि २०८१

| | | | | |
|---|---|---|---|---|
| १. | व्यवसायिक भैसिपालन फार्म २ वटा | २ (दुइ) जना | १०,०००/- | |
| ४. | व्यावसायिक बाख्रापालन २ जना | २ (दुइ) जना | १०,०००/- | |
| ७. | व्यवसायिक कुखुरापालन १ जना | १ (एक) जना | १०,०००/- | |
| ८. | व्यवसायिक बंगुररपालन १ जना | १ (एक) जना | १०,०००/- | |
| ९. | व्यवसायिक भेडापालन १ जना | १ (एक) जना | १०,०००/- | |
| | जम्मा | ७ (सात) जना | | |

**८) पुरस्कार बितरण कार्यक्रमः**

१) गांउँपालिका भित्र छनौट भएका उत्कृष्ट कृषक, कृषक समुह र निजि फार्मलाइ औपचारिक रुपमा कार्यक्रम आयोजना गरि पुरस्कार बितरण गरिन्छ ।

२) पुरस्कार दिवस समारोहको संचालन खर्च यसै कार्यक्रमका लागि बिनियोजित व्यवस्थापन बजेट बाट गरिन्छ।

९) **अनुगमन मुल्याकंनः** कार्यक्रम कार्यन्वयनको क्रममा गाउँपालिका कार्यालय र पशु सेवा शाखाले आवश्यक अनुसार अनुगमन समिति बनाई जुनसुकै समयमा पनि अनुगमन गर्न सकिन्छ ।

गाउँपालिकास्तरिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि २०८१

## परिच्छेद-४

## (विविध)

**१०) पुरस्कार तथा कारवाहिको व्यवस्थाः-**

उदाहरणिय काम गर्ने उत्कृष्ट पशुपालन व्यवसायिक, पशुपालन संग सेवा प्रदायक संघसस्था, निकायलाइ पुरस्कार वितरण समारोहमा कदर पत्र सहित सार्बजनिक सम्मान गरिनेछ ।झुट्टा विवरण पेश गरि पुरस्कार रकम प्राप्त गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाहि गरि भविष्यमा त्यस्ता कृषक, कृषक समुह, फार्मलाइ सरकारि सेवा सुबिधा नदिने गरि कालो सुचिमा राखिनेछ ।

**११) अमान्य हुने —**

यस कार्यबिधिमा व्यवस्था भएका बिषयहरु प्रचलित कानुन संग बाझिएमा अमान्य हुनेछ ।

**१२) वाधा अड्काउ फुकाउ ;-**

१) यस कार्यबिधिमा उल्लेख भएका विषय वस्तुका समन्धमा कुनै अस्पस्टता भएमा सोको ब्याख्या गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

२) कार्यबिधिमा कार्यन्वयन गर्न कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँपालिकाको हुने छ,३) यस कार्यविधिलाइ आवश्यकता अनुसार गाउँपालिकाले संशोधन तथा परिमार्जित गर्न सक्नेछ ।

गाउँपालिकास्तरिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि २०८१

**अनुसुचि — १**

**(दफा ३ को उपदफा १ संग समन्धित)**

........................................ कार्यक्रममा सहभागि हुने आवेदन आहावनको सुचना

सुचना। सुचना।। सुचना।।।

सिस्ने गाउँपालिका गाऊंकार्यपालिकाको कार्यालय पशुपन्छी विकाश  शाखाको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषक, कृषक समुह, निजि फर्ममा आबद्द व्यवसायिलाइ ................................ कार्यक्रम रहेको हुँदा ....................... गाउँपालिका भित्रका इच्छुक कृषक,कृषक समुह, निजि फार्म, उद्यमी कृषकबाट दरखास्त आह्वानको लागि यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रथम प्रकाशन भएको मितिले .............. दिन भित्र ............. मा तपशिलमा अनुसारका कागजात संलग्न गरि आवेदन पेश गर्नु हुन अनुरोध छ । थप जानकारीको लागि ............................ कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**आवश्यक कागजात**

१. अनुसुचि- २ बमोजिम निबेदन
२. नेपाली नागरिकताको प्रतिलिपि
३. कृषक समुह/ फर्मको हकमा दर्ता प्रमान-पत्रको प्रतिलिपि
४. सम्बन्धित वडाको सिफारिस पत्र
५. अनुसुचि- ३ क,ख, बमोजिम फारम
६. दर्ता प्रमाण-पत्र, नबिकरन र कर चुक्ताको प्रमाण-पत्र

गाँउपालिकास्तरिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि २०८१

**अनुसुचि-२**

**(दफा ३ को उपदफा २ संग सम्बन्धित )**

**( निवेदन ढाँचा )**

मितिः .........................

विषयः उत्कृष्ट कृषक पुरस्कारमा सहभागि हुने बारे ।

श्रीमान, प्रमुख प्रशासकीय अधिकृत ज्यु

सिस्ने गांउँपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्वी भाग) ।

प्रस्तुत विषयमा यस कार्यालयको मितिः ................. गतेका दिन प्रकाशित सूचना बमोजिम ............................कार्यक्रममा सहभागि हुन सिस्ने गाउँपालिका .................. वडामा पर्ने ............................... नामक कृषक/।कृषक समुह/ फर्म/ उद्यमिले अनुसुचिमा संलग्न फारम भरि यो निबेदन पेश गरेको छु/छौं ।

निबेदकः-

कृषक/कृषक समुह/ फार्म /सहकारि, उधमिको

दस्तखतः-

नामः-

पदः-

ठेगानाः-

सम्पर्क नम्बरः-

छापः-

गाउँपालिकास्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि २०८१

## अनुसुचि-३ (क)

१. कार्यक्रममा सहभागि हुने व्यवसायिको नामः

२. स्थायी ठेगानाः-

३. व्यवसाय/फार्मको नाम र दर्ता नभएको

४. व्यवसाय/फार्म संचालनको उदेश्यः-

५. स्रोत साधनको बिवरणः-

| क्र.स. | विवरण | एकाइ | परिणाम | कैफियत |
|---|---|---|---|---|
| १. | कृषकसंग भएको स्रोत साधन | | | |
| २. | कुल जग्गाको क्षेत्रफल (लिजमा लिएको जग्गा समेत) | | | |
| ३. | पशुपालनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल | | | |
| ४. | पशुपन्छिजन्य यन्त्र उपकरनहरुको विवरण तथा अबस्था | | | |
| ५. | आधारभुत पुर्वाधारको अबस्था | | | |

गाँउपालिकास्तरिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि २०८१

६) उत्पादनको विवरण

| क्र.स. | विवरण | एकाइ | परिणाम | कैफिएत |
|---|---|---|---|---|
| १. | उन्नत/क्रस भैसी | | | |
| २. | उन्नत/क्रस गाई | | | |
| ३. | बाख्रा | | | |
| ४. | भेडा | | | |
| ५. | स्थानिय/उन्नत जातको कुखुरा | | | |
| ६. | बंगुर | | | |
| ७ | माछापालन | | | |

७) कृषि तथा पशुपालन पेशामा संलग्न कामदारको विवरणः-

| क्र.स. | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामि कामदार |
|---|---|---|---|---|
| १. | पशुपालन कार्यमा | | | |
| २. | पन्छिपालन कार्यमा | | | |
| ३. | कृषि कर्म गर्ने | | | |
| ४. | प्रशोधन तथा बजारिकरण कार्यमा | | | |

८) लगानिको स्थितिः-

| क्र.स. | विवरण | एकाइ | परिणाम | कैफियत |
|---|---|---|---|---|
| १. | पशुपालनमा जम्मा खर्च | | | |
| २. | पन्छीपालनमा जम्मा खर्च | | | |
| ३. | अन्य खर्च | | | |
| ४. | कुल जम्मा खर्च | | | |

९) व्यवसायमा भएको लगानिको स्रोतः-

| क्र.स. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | बैंक, सहकारी वा बित्तिय संस्थाबाट लिएको ऋण रकम | | |

गाउँपालिकास्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि २०८१

| | | | |
|---|---|---|---|
| २. | समुह/ सहकारिबाट लिएको ऋण रकम | | |
| ३. | साहुबाट लिएको ऋण रकम | | |
| ४. | छिमेकिबाट लिएको ऋण रकम | | |
| ५. | आफ्नै आम्दानिबाट व्यहोरेको रकम | | |
| ६. | कुल जम्मा | | |

१०) व्यवसायबाट बार्षिक आम्दानी स्थिति

| क्र.स. | आम्दानिको किसिम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | पशुपालन कार्यबाट | | |
| २. | पन्छिपालन कार्य बाट | | |
| ३. | कृषि कार्यबाट | | |
| ४. | बजारिकरण बाट | | |
| | कुल जम्मा आम्दानि | | |
| क | पशुपन्छी जन्य उपकरनहरुको विवरण तथा अवस्था | | |
| ख | आधारभुत पुर्वाधारको अवस्था | | |

११) निम्न विषयमा सहभागि कृषक दक्षताः-

| क्र.स. | विवरण | स्थिति | कैफियत |
|---|---|---|---|
| १. | प्रविधि उपयोग तथा अनुसरण (भएको/नभएको) | | |

गाँउपालिकास्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि २०८१

| | | | |
|---|---|---|---|
| २. | स्रोत साधनको अधिकतम सदुपयोग (भएको/नभएको) | | |
| ३. | प्रविधि बिस्तारमा योगदान (भएको/नभएको) | | |
| ४. | भकारो एंवम गोठ खोर सुधार (भएको/नभएको) | | |
| ५. | उत्पादन लागत तथा प्रतिफल समन्धि रेकर्ड व्यवस्थापन (भएको/नभएको) | | |
| ६. | कुनै किसिमको पुरस्कार एंवम प्रशंसा पत्र (भएको/नभएको) | | |
| ७. | समुह,सहकारिको सदस्य (भएको/नभएको) | | |
| ८. | स्थानिय स्तरमा आफ्नो अनुभबको आदान प्रदान (भएको/नभएको) | | |

१२) नयाँ प्रविधिको विकाश

१३) कृषि तथा पशुपालन प्रणाली अपनाएको नयाँ प्रविधिहरुको विवरणः-

१४) कृषि तथा पशुपालन प्रबद्धनका भावि योजना (कुनै भएको)

१५) कृषक सफलता कथाः-

गाँउपालिकास्तरिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि २०८१

## अनुसुचि-३(ख)

## कृषकहरुले पेश गर्नुपर्ने निवेदन फारम नमुना

| क्र.स. | कृषक समुह,विवरण | |
|---|---|---|
| १. | कृषक समुहको नाम, ठेगाना | |
| २. | समुहको किसिम ( महिला/पुरुष/मिश्रित) | |
| ३. | सदस्य संख्या (महिला/पुरुष/दलित/जनजाति/अन्य) | |
| ४. | गठन भएको मिति, दर्ता गरेको निकाय र मिति | |
| ५. | नियमित बैठक बस्ने गरेको वा नगरेको | |
| ६. | समुह कार्यालयको बोर्ड राखेको/नराखेको | |
| ७. | समुह परिचालन | |
| ८. | हितकोष सम्बन्धित | |
| क. | मासिक बचत रकम प्रति सदस्य | |
| ख. | संकलन हितकोष रकम रु. | |
| ग. | हितकोष रकम परिचालन स्थिति | |
| घ. | लगानि रु ........... र असुलि रु ............. | |
| ङ. | कृषि क्षेत्रले गरेका मुख्य मुख्य कार्यहरु | |

गाउँपालिकास्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि २०८१

| | | |
|---|---|---|
| ९. | समुहले गरेका मुख्य मुख्य कार्यहरु | |
| क | जिविको पार्जनमा सहयोग उल्लेख गर्ने | |
| ख | व्यवसायिक कृषि उत्पादनमा संलगन्ता | |
| ग | बजारिकरण स्थिति, पोस्ट हार्भेस्ट तथा प्रशोधन कार्यमा संलगन्ता | |
| घ | आयआर्जनमा सहयोग | |
| ङ | समसजिक क्रियाकलापमा संलगन्ता | |
| १०. | समुहले अबलम्बन गरेका स्थानिय प्रबिधि भए उल्लेख गर्ने | |
| ११. | समुहले अबलम्बन गरेका नबिन्तम प्रबिधि भए उल्लेख गर्ने | |
| १२. | समुहले अबलम्बन गरेका अन्य कुनै भए उल्लेख गर्ने | |
| १३. | समुहले कुनै निकायबाट अनुदान प्राप्त गरेको कुनै भए उल्लेख गर्ने | |

गाँउपालिकास्तरिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि २०८१

## अनुसुचि-४

उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागिताका लागि न्युनतम मापदण्ड
(तल तालिकामा उल्लेख भएको मध्य कुनै एक पशुपन्छिपालन भएको हुने)

| क्र.स. | विवरण | क्षेत्रफल/संख्या(न्युनतम) | कैफियत |
|---|---|---|---|
| १. | गाइ/भैसि | ५ गोटा.माउ | |
| २. | भेडा/बाखा | ३० गोटा माउ | |
| ३. | बंगुर/सुँगुर | ५ गोटा माउ | |
| ४. | स्थानिय कुखुरा | २०० गोटा | |
| ५. | माछापालन | २५०बर्ग मिटर | |
| ६. | घाँस खेति | २ रोपनि | |
| ७. | समुहमा प्रति सदस्य भैसि | ३ गोटा माउ | |
| ८. | समुहमा प्रति सदस्य बाखा | १० गोटा माउ | |

नोटः- कम्तिमा २ वर्षसम्म नेपाल सरकारको अन्य कुनै पनि पुरस्कार सम्मानित नभएको कृषक हुनुपर्नेछ । माथि अनुसुचि-४ मा उल्लेख भएको न्युनतम क्षेत्रफल/सङ्ख्या भन्दा बढी हुनेलाई छनोटमा पारिनेछ ।

गाँउपालिकास्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि २०८१

## अनुसुचि-५(क)

उत्कृष्ट कृषक,कृषक समुह, ब्यक्तिगत फर्म,सहकारी र उद्यमी पुरस्कारको लागि कृषकले पेश गरेको निबेदन फारमको मुल्यांकन आधारहरु

| क्र.स. | विवरण | पुर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | स्रोत साधनको स्थिति एंव सदुपयोग | ५ | | |
| २. | कार्य अनुभब तथा स्थानिय समुदायमा अनुभब आदान प्रदान एंव योगदान | १० | | |
| ३. | उतपादन स्थिति/उत्पादकत्व | १५ | | |
| ४. | रोजगारि सिर्जनाको स्थिति | १५ | | |
| ५. | व्यवसायमा गरेको आर्थिक लगानिको स्थिति | १० | | |
| ६. | व्यवसायबाट प्राप्त आम्दानि एंव प्रतिफल स्थिति | १० | | |
| ७. | प्राबिधिक संगको समन्वय सम्पर्क | ५ | | |
| ८. | प्राबिधिक ज्ञान र सिप बारे जानकारि एंव प्रयोग स्थिति | १० | | |
| ९. | व्यवसायको दिगोपना स्थिति | १० | | |
| १०. | सृजनात्मक/नबिन्तम कार्य गरेको | १० | | |
| | कुल जम्मा | १०० | | |

गाँउपालिकास्तरिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि २०८१

## अनुसुचि-५ (ख)

उत्कृष्ट कृषक,कृषक समुह, ब्यक्तिगत फर्म,सहकारि र उद्यमी समुह मुल्यांकन फारम

| क्र.स. | विवरण | पुर्णाकं | प्राप्ताकं | कैफियत |
|---|---|---|---|---|
| १. | समुहको वैठक संचालन र लिएका निर्नय कार्यान्वियन | १० | | |
| २. | हितकोष स्थापना परिचालन अवस्था | १० | | |
| ३. | स्रोत साधनको स्थिति एंव सदुपयोग | १० | | |
| ४. | समुह पारदर्सिता र अन्य निकायसंग समन्वय | ५ | | |
| ५. | दिगोपना र अभिलेख तथा अन्य विवरण व्यवस्थापन | १० | | |
| ६. | समुहले गरेका सेवा/क्रियाकलापहरुको प्रभाबकारिता तथा सामाजिक योगदान | १० | | |
| ७. | कृषि/पशुपालन क्षेत्रमा लगानि | १५ | | |
| ८. | समुहको सिर्जनसिल्ता/नबिन्तम कार्य | १० | | |
| ९. | रोजगारि सिर्जना र आयआर्जनमा बृद्धि | १५ | | |
| १०. | साझेदारि/सामुहिकरुपमा क्रियाकलाप | ५ | | |
| | कुल जम्मा | १०० | | |

नोटः मुल्याकन तथा छनौट समितिले माथि उल्लेखित मापदणडको आधारमा उपधारा तयार गर्न सकिने छ ।

गाउँपालिकास्तरिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि २०८१

आज्ञाले,
रेवत बहादुर बुढाथोकि
प्रमुख प्रशासकिय अधिकृत